सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# २०८१ साल माघ १ गते देखि २०८१ साल चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


नेपाल सरकार

खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाण्डौं

फोन नं.:-०१-४२११६९३ इमेलः info@mows.gov.np


उप-सचिव

# विषयसूची

नेपाल सरकार
... मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं नं | विवरण | पेज |
|---|---|---|
| १. | मन्त्रालयको परिचय | १ |
| २. | मन्त्रालयको काम, कर्तव्य र अधिकार | १ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | १ |
| ४. | मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख | १२ |
| ५. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १३ |
| ६. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १३ |
| ७. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १३ |
| ८. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | १३ |
| ९. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद | १७ |
| १०. | सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | १७ |
| ११. | मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | १७ |
| १२. | मन्त्रालयले गरेका कार्यक्रम र सोको प्रतिवेदन | १७ |
| १३. | मन्त्रालयको वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | १७ |
| १४. | ऐन नियम तथा निर्देशिकाको सूची | १८ |
| १५. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरण | १९ |

उप-सचिव

१. मन्त्रालयको परिचय

खानेपानी मन्त्रालय संघीय तहको नीति निर्माण गर्ने क्षेत्रगत नेतृत्वदायी कार्यकारी निकाय हो। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।०९।०९ को निर्णयानुसार खानेपानी तथा सरसफाइ मन्त्रालयको स्थापना भएकोमा नेपाल सरकार (मं.प.) को मिति २०७४।१२।०१ को निर्णयानुसार पुर्नगठन पछि यस मन्त्रालयको नाम खानेपानी मन्त्रालय रही खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यहरु व्यवस्थापन र नियमन गर्ने जिम्मेवारी रहेको छ । यस मन्त्रालय अन्तर्गतको खानेपानी तथा ढल व्यवस्थापन विभाग क्षेत्रगत नेतृत्वदायी कार्यान्वयन निकाय हो। मन्त्रालय अन्तर्गत विभागका अलावा खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोग, सहरी क्षेत्रमा खानेपानी तथा सरसफाइ प्रणालीहरुको निर्माण एवम् सेवा प्रवाहका लागि मेलम्ची खानेपानी विकास समिति, आयोजना कार्यान्वयन निर्देशनालय, खानेपानी व्यवस्थापन बोर्डहरु, नेपाल खानेपानी संस्थान रहेका छन्।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचि-२ अनुसार यस मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम रहेको छः-

- खानेपानी तथा सरसफाइ सम्बन्धी नीति ,कानून ,मापदण्ड बनाउने,
- राष्ट्रियस्तरका ठूला खानेपानी आयोजना र अन्तर प्रदेश खानेपानी आयोजना,
- राष्ट्रियस्तरका प्रशोधन सहितका बृहत् ढल र अन्तर ढल प्रशोधन सहितका आयोजनाहरुको पहिचान ,निर्माण र नियमन,
- मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासंग सन्धि, सम्झौता ,सम्पर्क र समन्वय,
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान ,प्रतिष्ठान ,कम्पनी आदिको संचालन र नियमन,
- नेपाल इन्जिनियरङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूहको संचालन,

खानेपानी तथा सरसफाइ क्षेत्र सम्वन्धित संवैधानिक प्रावधान, नीति, ऐन, नियमावली तथा गठन आदेशहरु, स्वीकृत मापदण्ड तथा निर्देशिकाहरू मन्त्रालयको कानूनी आधारको रुपमा रहेका छन् ।


३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

उप-सचिव

खानेपानी मन्त्रालयको संगठन संरचना

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) संगठन संरचना






उप-सचिव

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) कर्मचारी संख्या

| सि.नं. | पदको नाम | श्रेणी | सेवा | समुह | उपसमुह | कूल दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प विशिष्ट | इन्जिनियरिङ्ग | | | १ |
| २ | सहसचिव | रा.प.प्र | प्रशासन | | | १ |
| ३ | सहसचिव | रा.प.प्र | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | २ |
| ४ | उपसचिव | रा.प.द्धि | प्रशासन | सा.प्र | | ३ |
| ५ | उपसचिव | रा.प.द्धि | प्रशासन | लेखा | | १ |
| ६ | उपसचिव कानून | रा.प.द्धि | न्याय | कानून | | १ |
| ७ | सिनियर डिभिजन इन्जिनियर | रा.प.द्धि | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ६ |
| ८ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | | ६ |
| ९ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | | १ |
| १० | कानून अधिकृत | रा.प.तृ. | न्याय | कानून | | १ |
| ११ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | ६ |
| १२ | समाजशास्त्री | रा.प.तृ. | विविध | | | १ |
| १३ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | | १ |
| १४ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्र. | | ९ |
| १५ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | १ |
| १६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | विविध | | ८ |
| १७ | ह.स.चा. | श्रेणी विहिन | | | | ७ |
| १८ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | | १३ |
| जम्मा दरवन्दी | | | | | | ६९ |

(ख) कार्य विवरण

**१. प्रशासन महाशाखा**

- मन्त्रालय र अन्तर्गतका निकायहरुको आवश्यक जनशक्ति व्यवस्थापन तथा स्वीकृत दरवन्दी निजामती किताबखानामा दर्ता सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका पदपूर्तिका लागि माग गर्ने र छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन सम्बन्धी,



उप-सचिव

- कर्मचारीहरुको विवरण, दरवन्दी, हाजिरी, गयल, विदा रेकर्ड र व्यक्तिगत अभिलेख तथा विभागीय कारवाही सम्बन्धी,
- वैदेशिक छात्रवृत्ती र अध्ययन/भ्रमण/तालिम/गोष्ठी/सेमिनारका लागि उम्मेदवार मनोनयन तथा अध्ययन वा तालिममा जाने र फर्कने व्यक्तिहरुको विवरण सम्बन्धी,
- मन्त्रालयले सम्पन्न गर्नुपर्ने बढुवा समितिको सचिवालय सम्बन्धी,
- कर्मचारीहरुको आन्तरिक खटन पाटन, आन्तरिक व्यवस्थापन तथा मन्त्रालयका लागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन सम्बन्धी,
- मन्त्रालयका लागि आवश्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामानहरुको खरिद व्यस्थापन, जिन्सी निरीक्षण तथा लिलाम बिक्रि, मन्त्रालयको सुरक्षा तथा सरसफाइ प्रबन्धको व्यवस्था सम्बन्धी,
- कर्मचारी बैठक र सोको निर्णय कार्यान्वयन एवं अनुगमन, मन्त्रालय र अन्तरगत निकायमा कार्यरत कर्मचारी र राष्ट्र सेवकको सम्पत्ति विवरण सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायहरुले सम्पादन गर्ने कार्यहरुका सम्बन्धमा आइपर्ने विभिन्न गुनासो व्यवस्थापन, उजुरीको छानविन तथा संसदीय निगरानी निकायबाट प्राप्त सुझाव व्यवस्थापन सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका विकास आयोजना तथा कार्यक्रमको तर्जुमा, वार्षिक बजेट तयारी, अख्तियारी बाँडफाँड, बजेट संशोधन र रकमान्तरमा सहयोग सम्बन्धी,
- विनियोजन, धरौटी र राजश्वका विवरण अद्यावधिक तथा वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको सोधभर्ना सम्बन्धी,
- स्वीकृत बिनियोजन बमोजिम बजेट खर्चको केन्द्रीय लेखा तथा मातहत निकायको आर्थिक प्रशासन कार्यको अनुगमन सम्बन्धी,
- लेखा परीक्षण तथा बेरुजु अभिलेख र बेरुजु फछ्र्यौट सम्बन्धी,
- ऐन, नियम, गठन आदेश, विनियम, कार्यविधि, निर्देशिका, मापदण्डको मस्यौदा तयारी एवं परिमार्जन तथा नेपाल राजपत्रमा प्रकाशन गरिने सूचना सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायलाई कानुनी राय परामर्श, लिखित जवाफ एवं प्रतिउत्तर तथा मुद्धाको प्रतिरक्षा र महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायबाट गरिने वार्ता, सम्झौता आदिमा सहभागितामा, वार्ताका बुँदा तयारी एवं सम्झौताको मस्यौदा सम्बन्धी,
- मानव अधिकार सम्बन्धी साथै अदालतबाट भएका फैसला तथा निर्देशनात्मक आदेशको अभिलेख एवं कार्यान्वयन सम्बन्धी।



उप-सचिव

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

क) कर्मचारी प्रशासन शाखा

- मन्त्रालय र अन्तर्गतका निकायहरुको आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धी,
- स्वीकृत दरबन्दी निजामती किताबखानामा दर्ता सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका पदपूर्तिका लागि माग गर्ने र छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन सम्बन्धी,
- कर्मचारीहरुको विवरण, दरवन्दी, हाजिरी, गयल, विदा रेकर्ड र व्यक्तिगत अभिलेख सम्बन्धी,
- विभागीय कारवाही सम्बन्धी,
- निमित्त, कायम मुकायम, काज सम्बन्धी,
- वैदेशिक छात्रवृत्ती र अध्ययन/भ्रमण/तालिम/गोष्ठी/सेमिनारका लागि उम्मेदवार मनोनयन सम्बन्धी,
- अध्ययन वा तालिममा जाने र फर्कने व्यक्तिहरुको विवरण सम्बन्धी,
- सम्वद्धता निर्धारण सम्बन्धी,
- मन्त्रालयले सम्पन्न गर्नुपर्ने बढुवा समितिको सचिवालय सम्बन्धी।

ख) आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा

- कर्मचारीहरुको आन्तरिक खटन-पाटन र आन्तरिक व्यवस्थापन सम्बन्धी,
- मन्त्रालयका लागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन सम्बन्धी,
- मन्त्रालयका लागि आवश्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामानहरुको खरिद, भण्डारण, आपूर्ती, मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम बिक्रिको व्यवस्था सम्बन्धी,
- मन्त्रालयको सुरक्षा तथा सरसफाइ प्रबन्ध सम्बन्धी,
- कर्मचारी बैठक र सोको निर्णय कार्यान्वयन एवं अनुगमन सम्बन्धी,
- मन्त्रालय र अन्तरगत निकायमा कार्यरत कर्मचारी र राष्ट्र सेवकको सम्पत्ति विवरण सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायहरुले सम्पादन गर्ने कार्यहरुका सम्बन्धमा आइपर्ने विभिन्न गुनासो व्यवस्थापन, उजुरीको छानविन तथा संसदीय निगरानी निकायबाट प्राप्त सुझाव व्यवस्थापन सम्बन्धी,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सहायक सम्पर्क विन्दु भई कार्य गर्ने सम्बन्धी।

ग) आर्थिक प्रशासन शाखा

उप-सचिव

- मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयारी, संशोधन र रकमान्तर सम्बन्धी,
- मन्त्रालय अन्तर्गतका विकास आयोजना तथा कार्यक्रम तर्जुमा सहयोग सम्बन्धी,
- वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको सोधभर्ना सम्बन्धी,
- अख्तियारी बाँडफाँड सम्बन्धी,
- स्वीकृत विनियोजन बमोजिम बजेट खर्चको केन्द्रीय लेखा सम्बन्धी,
- विनियोजन, धरौटी र राजश्वका विवरण अद्यावधिक सम्बन्धी,
- लेखा परीक्षण सम्बन्धी,
- मातहत निकायको आर्थिक प्रशासन कार्यको अनुगमन सम्बन्धी,
- बेरुजु अभिलेख र बेरुजु फछ्र्यौट सम्बन्धी,
- आर्थिक प्रशासन शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण सम्बन्धी,

**घ) कानून तथा फैसला कार्यान्वयन शाखा**

- ऐन, नियम, गठन आदेश, विनियम, कार्यविधि, निर्देशिका, मापदण्डको मस्यौदा तयारी एवं परिमार्जन सम्बनधी,
- मन्त्रालय र अन्तर्गतका निकायलाई दिने कानुनी राय परामर्श सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायका तर्फबाट दिने लिखित जवाफ एवं प्रतिउत्तर सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायको मुद्दाको प्रतिरक्षा सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकायबाट गरिने वार्ता, सम्झौता आदिमा सहभागितामा, वार्ताका बुँदा तयारी एवं सम्झौताको मस्यौदा सम्बन्धी,
- नेपाल राजपत्रमा प्रकाशन गरिने सूचना सम्बन्धी,
- मानव अधिकार सम्बन्धी,
- मन्त्रालय र अन्तर्गतका निकाय पक्ष विपक्ष हुने वा भएको मुद्दामा सम्बन्धित अड्डा अदालतमा दिइने उजूरी वा प्रतिवाद वा लिखित जवाफ वा पुनरावेदनको लिखत तयारी र महान्यायधिवक्ताको कार्यालयसँग समन्वय सम्बन्धी,
- अदालतबाट भएका फैसला तथा निर्देशनात्मक आदेशको अभिलेख एवं कार्यान्वयन सम्बन्धी।

**२ योजना तथा विकास सहायता समन्वय महाशाखा**

- मन्त्रालय र अन्तर्गतका विभिन्न विकास आयोजनाहरुको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने र तत् सम्बन्धमा अन्तर्गतका निकायहरु बीच समन्वय गर्ने/गराउने,



उप-सचिव

- नियमित रुपमा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट संचालित विकास आयोजनाहरुको समीक्षा बैठकको आयोजना गर्ने/गराउने,
- सम्बन्धित महाशाखाको परामर्श समेत लिई मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने /गराउने।
- दातृसंस्थाहरुको सहयोगबाट संचालन गरिने आयोजनाहरुको तर्जुमा कार्यमा वैदेशिक सहयोग सम्बन्धी कार्य गर्ने,
- सहयोग सम्बन्धी नीतिगत अध्ययन, अनुसन्धान, विश्लेषण, परिचालन, समन्वय र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- अन्तर्गतका विभिन्न विकास आयोजना, परियोजना तथा निकायहरुको वार्षिक योजना, कार्यक्रम, बजेट सिलिङ, बजेट तर्जुमा एवम् स्वीकृती सम्बन्धी कार्य गर्ने,
- अन्तरगतका वैदेशिक सहयोगमा संचालित विकास आयोजनाहरुको अनुगमन, मूल्यांकन तथा प्रगति समीक्षा गर्ने,
- सामाजिक समावेशिकरण तथा गैरसरकारी संस्था सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन पक्षको अनुगमन गर्ने।

**क) योजना तथा विकास सहायता समन्वय**

- सम्बन्धित महाशाखाहरुसँग परामर्श लिई अन्तर्गतका आयोजना/कार्यक्रम संचालन सम्बन्धी नीति निर्धारण गर्न पेश गर्ने,
- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालय, अन्तर्गतका विभाग, निकायहरुबाट संचालन गरिने कार्यक्रमहरुको लागि सम्बन्धित विभाग, निकायहरुबाट विवरण लिई कार्यक्रम तर्जुमा तथा बजेट प्रक्षेपण गर्ने,
- अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सम्पर्क राखी आयोजनाहरु स्वीकृत गर्ने/गराउने सम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय योजना आयोगबाट स्वीकृत आयोजनाहरुको विनियोजित बजेटको आधारमा सम्बन्धित विभाग, निकाय तथा केन्द्रीय आयोजनाहरुको वार्षिक कार्यक्रम स्वीकृत गर्ने, गराउने र सम्बन्धित महाशाखाहरुलाई जानकारी गराउने,
- विनियोजित बजेट अनुसार स्वीकृत भएका कार्यक्रम संशोधन सम्बन्धमा सम्बन्धित महाशाखाको राय लिई संशोधन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अन्तर्गत संचालित विभिन्न विकास कार्यक्रम बीच समन्वय राखी कार्यक्रमहरु दोहोरोपन हुन नदिई उपलब्ध साधनको समुचित उपयोगमा सघाउ पुऱ्याउने,



उप-सचिव

- मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रम तथा आयोजनाहरुको लागि आवश्यक जनशक्ति प्रक्षेपण एवं तिनको दक्षता अभिवृद्धि गर्ने सम्बन्धी कार्यहरु गर्न प्रशासन महाशाखालाई सहयोग गर्ने,
- अन्तर्गतका विभिन्न विकास आयोजना, परियोजना तथा निकायहरुको वार्षिक योजना, कार्यक्रम, बजेट सिलिङ, बजेट तर्जुमा एवं स्वीकृत गराउने सम्बन्धी कार्य गर्ने,
- योजना, कार्यक्रम तथा बजेट स्वीकृती सम्बन्धमा विभिन्न निकायहरु सँग समन्वय गर्ने,
- अन्तरगतका विकास आयोजनाहरु सञ्चालन गर्ने सम्बन्धमा निर्णयानुसार निर्देशन दिने सम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गत स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,
- अन्तर्गत वैदेशिक सहयोग नीति सम्बन्धी कार्य गर्ने,
- वैदेशिक सहयोगबाट संचालन हुने आयोजनाहरुका सम्बन्धमा भएका सम्झौतापत्र तथा अभिलेख अद्यावधिक गरी राख्ने,
- सहयोगका लागि विकास साझेदारको पहिचान गर्ने,
- सहयोगको परिचालन, समन्वय र व्यवस्थापन गर्ने,
- सहयोग सम्बन्धी नीतिगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने,
- सहयोग अन्तर्गत संचालन हुने सवै कार्यक्रम तथा आयोजना तर्जुमा सम्बन्धी कार्य गर्ने,
- खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यमा संलग्न वैदेशिक सहयोगबाट संचालन भएका आयोजनाहरुको समष्टिगत विवरण अद्यावधिक गराई राख्ने,
- विकास साझेदारहरुसँग समन्वय सम्बन्धी कार्य गर्ने,
- सहयोग सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने,
- अन्तर्गतका निकायहरुको वैदेशिक सहयोग सम्बन्धमा आईपर्ने अन्य कार्य गर्ने,
- अन्तगर्तका विभिन्न आयोजनामा कार्यरत विदेशी परामर्शदाताको प्रवेशाज्ञा (VISA) सिफारिस सम्बन्धी कार्य गर्ने,
- खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यमा संलग्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा राष्ट्रिय गैर सरकारी संस्था सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।

ख) अनुगमन तथा मूल्याङ्कन शाखा

- मन्त्रालयका सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालय र अन्तर्गतका आयोजनाहरुको प्रगति प्रतिवेदन तयार गरी अद्यावधिक राख्ने र आवधिक रुपमा समीक्षा गर्ने,



उप-सचिव

- अन्तर्गत संचालित आयोजनाको कार्यान्वियन सम्बन्धी नियमित अनुगमन एवं मूल्याङ्कन गर्ने र कार्यान्वयन पक्षमा देखा परेका समस्याहरुको समाधानार्थ मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने र सम्बन्धित महाशाखाहरुलाई जानकारी गराउने,
- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालय अन्तर्गतका आयोजनाहरुको नियमित रुपमा अनुगमन गरी आयोजनाहरुको यथार्थ स्थितिको जानकारी मन्त्रालयलाई उपलब्ध गराउने,
- सम्बन्धित महाशाखाहरुको समेत सहयोग लिई मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकको आयोजना गर्ने र आयोजनाहरुको प्रगति सम्बन्धमा मूल्याङ्कन पेश गर्ने,
- राष्ट्रिय विकास समस्या समाधान समिति र राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट कारवाही गर्नुपर्ने मन्त्रालय सम्बन्धी विषयमा आवश्यक कार्य गर्ने,
- राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट समय-समयमा निर्धारण गरिने अन्य कार्य सम्पादन गर्ने,
- सम्बन्धित महाशाखाहरु अन्तर्गतका निकायहरुबाट प्रत्येक वर्ष भए गरेका मूख्य-मूख्य कार्यहरुको प्रगति विवरण पुस्तिका तयार गरी आर्थिक वर्ष समाप्ति पछि प्रकाशन गर्ने,
- आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनका सूचकहरु तयार गरी सोको आधारमा आयोजनाहरुको नियमित अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- अन्तगर्तबाट संचालित विभिन्न विकास आयोजनाहरुको आवधिक समीक्षा सम्बन्धी कार्य गर्ने,
- प्रभाव मूल्याङ्कन गर्ने, गराउने,
- सामाजिक समावेशिकरण तथा गैरसरकारी संस्था सम्बन्धी नीति तर्जुमा तथा सोको कार्यान्वयन पक्षको अनुगमन गर्ने,
- अन्तरगतका निकायहरुसंग सम्बन्धित आवधिक एवं वार्षिक योजना सम्बन्धी लैङ्गकि समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तर्जुमा, कार्यान्वन, मूल्याँकन सम्बन्धी कार्य गर्ने,
- अन्तरगतका गैर सरकारी संस्थाहरुको Focal Person को रुपमा कार्य गरी समन्वय गर्ने,
- राष्ट्रिय गैरसरकारी संस्थाका प्रस्तावहरु अध्ययन गरी रायसाथ निर्णयका लागि पेश गर्ने कार्य गर्ने।

३ खानेपानी तथा सरसफाइ महाशाखा

- खानेपानी तथा सरसफाइ क्षेत्रको समष्टीगत विकास, विस्तार र सम्वर्द्धनका लागि नीति, रणनीति तथा कार्यनीति तर्जुमा सम्बन्धी,
- नीति, रणनीति तथा कार्यनीतिको कार्यान्वयनको सुपरिवेक्षण, अनुगमन तथा नियमन सम्बन्धी,



उप-सचिव

- खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न, सरकारी, गैरसरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,
- खानेपानी तथा सरसफाइ क्षेत्रसँग सम्बन्धित प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषयहरुमा परामर्श सम्बन्धी,
- संघ स्तरमा गठित वा गठन हुने सबै प्रकारका खानेपानी तथा सरसफाइको क्षेत्रसँग सम्बन्धित समन्वय समितिको सचिवालय,
- खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न विकास साझेदार बीच समन्वय र सामन्जस्य सम्बन्धी,
- खानेपानी तथा सरसफाइ सम्बन्धमा मन्त्रालयमा पेश हुने विषयमा राय तथा परामर्श सम्बन्धी,
- खानेपानी तथा सरसफाइ क्षेत्रको दीर्घकालिन योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- जल प्रदुषण रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, रणनीति, कार्यनीति एवं योजना तर्जुमा र कार्यान्वयनको सुपरीवेक्षण, अनुगमन तथा नियमन सम्बन्धी,
- संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धी,
- वातावरणीय प्रभावको अनुगमन एवं परीक्षण गरी प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्न उपयुक्त प्रविधिको पहिचान, अनुसन्धान, अध्ययन र प्रयोग गर्न गराउन कार्यान्वयन निकायहरुलाई मार्गनिर्देशन गर्ने ।

**(क) खानेपानी शाखाः**

- खानेपानी आवश्यकताको परिपूर्ति गर्न राष्ट्रियस्तरमा योजनावद्ध रुपमा अल्पकालिन तथा दीर्घकालिन कार्यक्रम तर्जुमा सम्बन्धी,
- कार्यान्वयन निकाय र कार्यक्रमहरु बीच केन्द्रीय स्तरमा गर्नुपर्ने समन्वय सम्बन्धी,
- आयोजनाहरुको सेवाको वर्गीकरण गरी स्तर, प्रकृति, प्रविधि अनुसारको विभिन्न खानेपानी आयोजनाहरुको कार्यान्वयन प्रकृया निर्धारण गर्न तर्जुमा एवं पुनरावलोकन गर्नुपर्ने मार्गदर्शन सम्बन्धी,
- सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रबाट संचालित सहरी तथा ग्रामिण खानेपानी आयोजनाहरुबाट लाभान्वित जनसंख्या, भएका उपलब्धिहरु, उपलब्ध सेवास्तर तथा अन्य (गुणस्तर तथा परिणाम) व्यवस्थापकीय सूचनाहरुको संकलन, विश्लेषण तथा पृष्ठपोषण सम्बन्धी,
- सरकारी तथा निजी क्षेत्रबाट संचालित खानेपानी आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउने सहयोग सम्बन्धी,



उप-सचिव

- दिपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई खानेपानी कार्यक्रमहरु तर्जुमा, अनुगमन तथा मूल्याकंन गर्न उपलब्ध गराउनुपर्ने प्राविधिक सहयोग सम्बन्धी।

**(ख) जल प्रदुषण नियन्त्रण शाखा**

- जल प्रदुषणसँग सम्बन्धित कानून, नीति तथा मापदण्डहरुको तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङकन, परीक्षण तथा नियमनसम्बन्धी,
- जल प्रदुषण सूचक तथा जल प्रदुषण गुणस्तर सम्बन्धी,
- नदी तथा ताल तलैयाको प्रदुषण सम्बन्धी,
- उद्योगहरुबाट हुने जल प्रदुषण सम्बन्धी,
- मानव मलमुत्रजन्य फोहोर (Faecal Sludge) सम्बन्धी,
- उद्योगहरुबाट निस्किएका फोहोर नियमन सम्बन्धी,
- जल प्रदुषण नियन्त्रणका लागि संस्थागत क्षमता विकास सम्बन्धी।

**(ग) वातावरण तथा ढल व्यवस्थापन शाखा**

- खानेपानी तथा सरसफाइ क्षेत्रको विपद् जोखिम न्यूनीकरण तथा पुनःस्थापना सम्बन्धी,
- विकास साझेदारहरुको सहयोगबाट सञ्चालन हुने विपद् व्यवस्थापन र खानेपानी तथा सरसफाइ क्लस्टर र अन्य क्लस्टरसँग समन्वय सम्बन्धी,
- शहरी तथा ग्रामिण क्षेत्रहरुमा वर्षाती तथा ग्राहस्थ ढल निकास (सडक सतहको ढल वाहेक) व्यवस्थापन तथा वातावरणीय सरसफाइ आयोजनाहरुबाट लाभान्वित जनसंख्या, भएका उपलब्धीहरु र उपलब्ध सेवाको स्तर (गुणात्मक तथा परिमाणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरुको संकलन, विश्लेषण तथा प्राप्त परिणामको पृष्ठपोषण सम्बन्धी,
- मन्त्रालयसँग सम्बन्धित संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) सम्बन्धी।

**(घ) क्षेत्रगत क्षमता अभिवृद्धि शाखा**

- क्षेत्रगत समन्वय कायम गरी दक्ष, प्रभावकारी र जवाफदेही खानेपानी तथा सरसफाइ क्षेत्रको विकास सम्बन्धी,
- मन्त्रालय सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय सम्बन्धी,
- संचालन तथा सेवा प्रदायक (Utility Operators) हरुको मापदण्ड निर्धारण एवं अनुगमन सम्बन्धी,
- प्रदेश, स्थानीय तह र विकास साझेदारसँग समन्वय एवं सहकार्य सम्बन्धी,

उप-सचिव

नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार, काठमाडौं

- राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव, अध्ययन, ज्ञान तथा सीपहरु आदान प्रदान सम्बन्धी,
- प्रदेश तथा स्थानीय तहमा कार्यरत जनशक्तिको खानेपानी एवं सरसफाइ क्षेत्रमा क्षमता अभिवृद्धि सम्बन्धी,
- गैरसरकारी तथा निजि क्षेत्रको लगानी आकर्षित गर्ने सम्बनधी,
- मन्त्रालयसँग सम्बन्धित क्षेत्रको विकासका लागि मध्यकालिन तथा दीर्घकालिन अवधारणा तयारी सम्बन्धी,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रस्तावहरु सम्बन्धी।

**४. मन्त्रालय महाशाखा शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित शाखा प्रमुख**

खानेपानी मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा महाशाखाहरूको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

खानेपानी मन्त्रालयमा कार्यरत कर्मचारी विवरण

| सि.नं. | कर्मचारीको नाम थर | पद |
|---|---|---|
| श्रीमान् सचिवज्यूको सचिवालय | | |
| | प्रमिला देवी शाक्य ब्रजाचार्य | सचिव |
| १.प्रशासन महाशाखा | | |
| | रामबाबु पुरी | सहसचिव |
| कर्मचारी प्रशासन शाखा | | |
| | जुनु हमाल ढकाल | उपसचिव |
| आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा | | |
| | टेकनाथ दहाल | उपसचिव |
| आर्थिक प्रशासन शाखा | | |
| | रमेश घिमिरे | उपसचिव (लेखा) |
| कानून तथा फैसला कार्यान्वयन शाखा | | |
| | राजाराम दाहाल | उपसचिव (कानून) |
| २. योजना तथा विकास सहायता समन्वय महाशाखा | | |
| | रमाकान्त दुवाडी | सहसचिव (प्रा.) |



उप-सचिव

| | | |
|---|---|---|
| | योजना तथा विकास सहायता समन्वय शाखा | |
| | प्रदिप रेग्मी | सि.डि.ई. |
| अनुगमन तथा मूल्यांकन शाखा | | |
| | रामप्रसाद घिमिरे | सि.डि.ई. |
| ३. खानेपानी तथा सरसफाइ महाशाखा | | |
| | मिना श्रेष्ठ | सहसचिव (प्रा.) |
| खानेपानी शाखा | | |
| १२ | विरेन्द्र कडेल | सि.डि.ई. |
| क्षेत्रगत क्षमता अभिवृद्धि शाखा | | |
| १३ | योगेन्द्र चित्रकार | सि.डि.ई. |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

५(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानूनले तोके बमोजिमको दस्तुर ।

५(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य विशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

## ६. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडी बढाइने ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री प्रमिला देवी शाक्य ब्रजाचार्य

## ८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### कर्मचारी प्रशासन शाखा

**बढुवा**

- सहसचिव (प्रा.), सु.ई. – २
- उपसचिव (प्रा.), सि.डि.ई. – ३

उप-सचिव

▯ नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम नेपाल खानेपानी संस्थानमा रिक्त महाप्रवन्धकको नियुक्ति गरिएको।

▯ नेपाल इन्जिनियरिङ्ग सेवा/सिभिल समूह/स्यानिटर उपसमूह रा.प.तृतीय श्रेणी इन्जिनियर पदको बढुवा नियुक्तिका लागि प्रक्रियवमा अघि बढेको।

आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा

- हेलो सरकारबाट प्राप्त गुनासो (संङ्ख्या १८) सम्बोधनको लागि सम्बन्धित निकायमा लेखी पठाएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालबाट राय प्रतिक्रिया र छानविनको लागि प्राप्त उजुरीहरुको छानविन समिति गठन भई प्रतिवेदन श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सक्कलै प्रतिवेदन सहितका कागजातहरु पठाइएको।
- करारका कर्मचारीहरुको आन्तरिक रुपमा जिम्मेवारी तोकिएको।
- सूचनाको हक सम्बन्धी ऐन र नियम अनुसार सूचना उपलब्ध गराइएको।
- मन्त्रालयको स्वामित्वमा रहेको सवारी साधन नेपाल खानेपानी संस्थानलाइ नियमानुसार हस्तान्तरण गरिएको।

आर्थिक प्रशासन शाखा

- बेरुजु गोष्ठी सम्बन्धी कार्य गरेको (पोखरामा- बागमती प्रदेश र लुम्बिनि प्रदेश, गण्डकी प्रदेशलाइ समेटी),।

कानून तथा फैसला कार्यान्वयन शाखा

ऐन/नियम/कार्यविधि/निर्देशिकाको मस्यौदा/स्वीकृति सम्बन्धमाः

1. मिति २०८१/१०/०७ मा खानेपानी तथा सरसफाइ नियमावली राजपत्रमा प्रकाशन गर्न मुद्रण विभागमा पठाइएकोमा मिति २०८१/१०/१० मा प्रकाशन भएको।

2. मिति २०८१/१२/०८ मा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/१२/०५ को निर्णयानुसार & quot;खानेपानी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियावली, २०८१" स्वीकृत भएकोनेपाल खानेपानी संस्थानमा आवश्यक कार्यार्थ पठाइएको।

3. सुख्खाग्रस्त क्षेत्रमा सञ्चालित पम्पिङ खानेपानी आयोजनामा प्रयोग हुने विद्युत महशुल शुल्क अनुदान सम्बन्धी कार्यविधिको मस्यौदा तर्जुमा गर्न यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/१२/१४ गतेको निर्णयानुसार समिति गठन भएको।

4. मिति २०८१/१२/२२ मा मेलम्ची खानेपानी विकास समिति कर्मचारी सेवा, शर्त सम्बन्धी



उप-सचिव

नियमावलीको मस्यौदा तर्जुमा समिति गठन भएको।

<u>कानूनी राय सम्बन्धमाः</u>

5. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको स्वामित्वमा रहेको बालकुमारी स्थित जग्गामा विद्युत सबस्टेशन निर्माणका लागि उक्त जग्गा उपलब्ध गराउने सम्बन्धमा राय।

6. आयोजना कार्यान्वयन निर्देशनालय अन्तर्गत Contract No. KUKL/BDS-SRT/01/01 को Arbitration सम्बन्धमा राय।

7. मेलम्ची खानेपानी विकास समिति अन्तर्गत ठेक्का नं MDS/DT/02 सँग सम्बन्धित विषयमा Amicable Settlement सम्बन्धमा श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय/परामर्श माग भएको।

<u>लिखित जवाफ सम्बन्धमाः</u>

8. मिति २०८१/१०/०४ मा महान्यायधिवक्ताको कार्यालयमा लिखित जवाफ पठाइएको।

9. मिति २०८१/११/१५ मा महान्यायधिवक्ताको कार्यालयमा लिखित जवाफ पठाइएको।

<u>फैसला कार्यान्वयन सम्बन्धमाः</u>

10. रिट नं. ०७४-wo-०६८९ मा यस मन्त्रालयको हकमा फैसला कार्यान्वयनको लागि निर्णय भएको।

<u>अन्यः</u>

11. मिति २०८१/१२/२२ गते श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्य योजनाको प्रगति विवरण तथा कार्यान्वयनको अवस्था पठाएको।

<u>योजना तथा विकास सहायता समन्वय शाखा</u>

- मन्त्रालय मातहातका विभिन्न कार्यालय तथा आयोजनाहरुबाट कार्यक्रम संशोधन, श्रोतान्तर र रकमान्तरका लागि पेश भएका फाइलहरु निर्णय गरि अर्थ मन्त्रालयमा अनुरोध गरि पठाइएको
- कार्यक्रम संशोधन तथा रकमान्तरको लागि जम्मा ६ वटा फाइल अर्थमा स्वीकृतिको लागि पठाइएको
- नेपाल खानेपानी संस्थान र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २ ओटा त्रैमासिकको बजेट निकासाकोलागि अर्थ मन्त्रालय पठाइएको
- बजेट कार्यान्वयन कार्ययोजनको प्रगति मासिक रुपमा अद्यावधिक गरिएको।
- आर्थिक वर्ष २०८२/८३ को लागि खानेपानी मन्त्रालयको नीति तथा कार्यक्रम तयार पारी प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पठाइएको।



उप-सचिव

- आर्थिक वर्ष २०८२/८३ को लागि खानेपानी मन्त्रालयको बजेट निर्माणका कार्यहरु भइरहेको तथा कार्यक्रम तयार पारी प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पठाइएको।
- विभिन्न खानेपानी तथा सरसफाइ सम्बन्धि आयोजनाहरुमा कार्यरत विदेशी परामर्शदाताहरुमा कार्यरत व्यक्तिहरुको प्रवेशाज्ञा (VISA) सिफारिस सम्बन्धि कार्य गरिएको।
- गत असोजमा गएको बाढीबाट क्षतिग्रस्त ३३७ आयोजनाको पुनर्निर्माणको लागि अर्थ मन्त्रालयबाट रु. २४ करोड २१ लाख बजेट थप भइ सेवा पुनर्स्थापनाको काम सुरु भएको ।

## खानेपानी तथा सरसफाई महाशाखा

१. खानेपानी तथा सरसफाई नियमावली, २०८१ नेपाल सरकारबाट मिति २०८१/१०/१० मा स्वीकृत ,

२. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ अनुसार गठित विषयगत समितिको तेस्रो वैठक मिति २०८१/१०/२७ सम्पन्न भएको,

३. नेपालमा खानेपानी, सरसफाई र स्वच्छता (WASH) प्रतिको राजनीतिक चेतना र प्रतिबद्धता सुदृढ गर्न राजनैतिक संवाद तथा क्षेत्रगत रणनीति २०८१ को कार्यशाला गोष्ठी मिति २०८१/१०/२८ सम्पन्न भएको,

४. नेपाल सरकार, खानेपानी मन्त्रालय र भारत सरकार, जलशक्ति मन्त्रालय विच खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र लगायत फोहोर व्यवस्थापनको लागि आपसी सहयोग अभिवृद्धि गर्ने प्रमुख उद्देश्य प्राप्तीको लागि भएको समझदारी पत्र मिति २०८१ /११/ १९ मा हस्ताक्षर भएको,

५. खानेपानी तथा सरसफाई सेवा नियमन सम्बन्धी संचेतनात्मक कार्यशाला गोष्ठी मिति २०८१ /११/ २३ खानेपानी मन्त्रालयद्धारा छानिएका १२ वटा खानेपानी तथा सरसफाई सेवा प्रदायकहरुको उपस्थितिमा संचालन गरिएको,

६. **"नेपालमा खानेपानी र सरसफाईका लागि प्रधानमन्त्रीस्तरीय पहल"** तयारीका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्राथमिकता सह-सिर्जनाका लागि वहुपक्षिय कार्यशाला गोष्ठी मिति २०८१/११/२६ सम्पन्न गरिएको,

७. विभाग अन्तर्गत "Strengthening National WASH MIS Portal from Sanitation Lens" आयोजना कार्यान्वयनको लागि यू एन ह्यविट्याट नेपालसँग सम्झौता (Agreement of Cooperation) को लागि नेपाल सरकार(मा. खानेपानी मन्त्रीस्तरीय)बाट मिति २०८१।१२।१५ गते स्वीकृत गरिएको,

उप-सचिव

८. खानेपानी मन्त्रालय र इसिमोड (International Centre for Integrated Mountain Development ICIMOD) विच प्राकृतिक मूल व्यवस्थापन र नेपालको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको संयुक्त अनुसन्धान, प्रविधि हस्तान्तरण, क्षमता विकास, पारस्परिक साझेदारी, तथ्याङ्क र सूचनाको आदानप्रदानको लागि अर्थपूर्ण सहयोगको फराकिलो ढाँचा तयार गर्न यस समझदारी पत्र )Memorandum of Understanding -MoU) मिति २०८१/१२/२८ मा सम्झौता भएको ,

९. माननीय मन्त्रीज्यूको अध्यक्षतामा चैत्र ९ गते विश्वपानी दिवस मनाइएको,

१०. मन्त्रालयद्वारा GESI Guideline को मस्यौदा माथि विज्ञहरु बिच चैत्र १२ गते छलफल सम्पन्न भएको

११. खानेपानी महाशाखा प्रमुखज्यूको अध्यक्षतामा " Women in WASH data" कार्यक्रम चैत्र १४ गते सम्पन्न गरिएको,

१२. मन्त्रालयसँग सम्बन्धित २ वटा आयोजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची(TOR) स्वीकृत भएको,

१३. खानेपानी मन्त्रालय र उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबीच मिति २०८१/१२/२२ गते एकीकृत जलश्रोत उपयोगको लागि समझदारी पत्रमा हस्ताक्षर भएको।

**९. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद**

| | |
|---|---|
| प्रमुख | सचिव श्री प्रमिला देवी शाक्य बजाचार्य |
| प्रवक्ता | सहसचिव श्री मिना श्रेष्ठ |
| सूचना अधिकारी | उपसचिव श्री टेकनाथ दहाल |

**१०. सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण**

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट mows.gov.np मा नियमित प्रकाशन हुने गरेको ।

**११. मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन**

आ.ब. २०८१/८२ को माघ १ देखि चैत्र मसान्त सम्ममा सूचना माग सम्बन्धी लिखित निवेदन प्राप्त नभएको।

**१२. मन्त्रालयले गरेका कार्यक्रम र सोको प्रतिवेदन**

नियमित प्रकाशन गर्ने गरेको छ।

**१३. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण**



उप-सचिव

यस मन्त्रालय अन्तर्गतका सार्वजनिक गर्न मिल्ने र नमिल्ने प्रकृतिका सूचनाहरुको वर्गीकरण गरी सो सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।

१४.ऐन नियम तथा निर्देशिकाको सूची

- मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०७९
- खानेपानी तथा सरसफाइ ऐन,२०७९
- खानेपानी तथा सरसफाइ नियमावली, २०८१
- नेपाल इन्जिनियरिङ्ग सेवा (गठन,समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१
- काठमाडौ उपत्यका खानेपानी लिमिटेड नियमावली, २०६४) छैठौ संशोधन सहित)
- काठमाडौ उपत्यका खानेपानी लिमिटेड प्रवन्ध पत्र,
- काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली,२०६४
- नेपाल खानेपानी संस्थान ऐन, २०४६
- काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड कर्मचारी प्रशासन विनियामवली,२०७९२०६४
- खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३
- हेटौडा खानेपानी व्यवस्थापन बोर्ड आर्थिक प्रशासन विनियमावली,२०७१
- धरान खानेपानी व्यवस्थापन बोर्ड कर्मचारी प्रशासन विनियमावली , २०७३
- मेलम्ची खानेपानी विकास समिति गठन आदेश, २०५५
- हेटौडा खानेपानी व्यवस्थापन बोर्ड कर्मचारी सेवा सर्त सम्बन्धि विनियमावली, २०७१
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका, २०७९

१५. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरण

उप-सचिव

## खानेपानी मन्त्रालय

### बजेट उपशीर्षक अनुसार खुद बजेट र खर्च

आर्थिक वर्ष २०८१/८२

महिना देखि : श्रावण महिना सम्म : चैत्र

(रु.हजारमा)

| बजेट उपशीर्षक | शुरू बजेट (रु.) | रकमान्तर (रु.) | | खुद बजेट (रु.) | खर्च (रु.) | बाँकि बजेट (रु.) | खर्च % |
|---|---|---|---|---|---|---|---|
| | | र. थप (रु.) | र. घट (रु.) | | | | |
| ३१३०००११३ खानेपानी मन्त्रालय | ८७५१७ | १५३१६ | ० | १०२८३३ | ६१७३४ | ४१०९९ | ६०.०३ |
| ३१३०००११४ खानेपानी मन्त्रालय | २९१० | ११२५ | ० | ४०३५ | १५०१ | २५३४ | ३७.२ |
| ३१३००१०१३ मेलम्ची खानेपानी आयोजना | ७२२६४ | ० | ० | ७२२६४ | ५०९२७ | २१३३७ | ७०.४७ |
| ३१३००१०१४ मेलम्ची खानेपानी आयोजना | ४२९६०० | ६०००० | ३५००० | ४५४६०० | १३१४०९ | ३२३१९१ | २८.९१ |
| ३१३००१०२४ काठमाण्डौं उपत्यका थोक खानेपानी प्रशारण आयोजना (दोश्रो) | ११८०००० | ३००० | २८००० | ११५५००० | ४०३८९ | १११४६११ | ३.५ |
| ३१३०१०११३ खानेपानी विभाग | ७४२६१ | ० | ० | ७४२६१ | २९४३० | ४४८३१ | ३९.६३ |
| ३१३०१०११४ खानेपानी विभाग | ५९५०० | ० | ११२५ | ५८३७५ | १३३५ | ५७०४० | २.२९ |
| ३१३०१०१२३ जनसाधन विकास कार्यक्रम | ३०००० | ० | ० | ३०००० | १३९७४ | १६०२६ | ४६.५८ |
| ३१३०१०१२४ जनसाधन विकास कार्यक्रम | ८००० | ० | ० | ८००० | ० | ८००० | ० |



उप-सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१३०१०१३३ संघीय खानेपानी तथा ढल ब्यवस्थापन आयोजनाहरु | २५९०५२ | ० | ० | २५९०५२ | १६०६१५ | ९८४३७ | ६२ |
| ३१३०१०१३४ संघीय खानेपानी तथा ढल ब्यवस्थापन आयोजनाहरु | ५००० | ० | ० | ५००० | २८५७ | २१४३ | ५७.१४ |
| ३१३०११०१३ राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ८६०० | ० | ० | ८६०० | १७७४ | ६८२६ | २०.६३ |
| ३१३०११०१४ राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | २८०० | ० | ० | २८०० | ० | २८०० | ० |
| ३१३०११०२३ खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ४५०० | ० | ० | ४५०० | १५५१ | २९४९ | ३४.४७ |
| ३१३०११०२४ खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | २०११५०० | ५००५७० | ९१३९२ | २४२०६७८ | ३८७१११ | २०३३५६७ | १५.९९ |
| ३१३०११०३३ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १०१६६ | ० | ० | १०१६६ | ५७१४ | ४४५२ | ५६.२१ |
| ३१३०११०३४ खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ६०९०३५ | १९४०० | २७३३९ | ६०१०९६ | २२३००३ | ३७८०९३ | ३७.१ |
| ३१३०११०५३ जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | ६०१०७ | ० | ० | ६०१०७ | २०३९२ | ३९७१५ | ३३.९३ |
| ३१३०११०५४ जलवायु अनुकुलित वृहत खानेपानी आयोजना | २७४६५०० | १०१९५० | ११३९३९ | २७३४५११ | ९११५७८ | १८२२९३३ | ३३.३४ |



उप-सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१३०११०६३ ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १६२०० | ० | ० | १६२०० | ५७४० | १०४६० | ३५.४३ |
| ३१३०११०६४ ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ११४८१०० | ५८००० | ९३९४२ | १११२१५८ | २८५०१५ | ८२७१४३ | २५.६३ |
| ३१३०११०७३ खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | ४६०४९ | ० | ० | ४६०४९ | २४३८९ | २१६६० | ५२.९६ |
| ३१३०११०७४ खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | १६५०४२५ | २०१०० | ११५२७२ | १५५५२५३ | २९३२१२ | १२६२०४१ | १८.८५ |
| ३१३०११०८३ सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १०९०१८ | ५०० | ५०० | १०९०१८ | ५२१८८ | ५६८३० | ४७.८७ |
| ३१३०११०८४ सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | १६९१६६७ | ८६७०० | ८६७०० | १६९१६६७ | ६१६७४८ | १०७४९१९ | ३६.४६ |
| ३१३०१११३३ केन्द्रिय खानेपानी आयोजना | १३०८९ | ० | ० | १३०८९ | ६२९१ | ६७९८ | ४८.०६ |
| ३१३०१११३४ केन्द्रिय खानेपानी आयोजना | ३३१७५०० | १७५१०० | १९११३६ | ३३०१४६४ | ९४२३६८ | २३५९०९६ | २८.५४ |
| ३१३०१११४३ एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ११५९८ | ० | ० | ११५९८ | ६२५५ | ५३४३ | ५३.९३ |
| ३१३०१११४४ एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना | ६४१०० | ० | ० | ६४१०० | ११४८२ | ५२६१८ | १७.९१ |
| ३१३०१११५३ कोभिड-१९ रेस्पोन्स आयोजना | ३२४८५ | ० | ० | ३२४८५ | १२५० | ३१२३५ | ३.८५ |
| ३१३०१११५४ कोभिड-१९ रेस्पोन्स आयोजना | १२४३१५ | ० | ० | १२४३१५ | ७४३२६ | ४९९८९ | ५९.७९ |
| ३१३०१११६३ दिगो सरसफाइ आयोजना | २१०० | ० | ० | २१०० | ४७७ | १६२३ | २२.७१ |



उप-सचिव

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१३०१११७३ खानेपानी सुशासन तथा पुर्वाधार प्रवर्धन कार्यक्रम | ११०४८९ | ० | ० | ११०४८९ | २२५२१ | ८७९६८ | २०.३८ |
| ३१३०१११७४ खानेपानी सुशासन तथा पुर्वाधार प्रवर्धन कार्यक्रम | ३२६४५० | ० | ० | ३२६४५० | ५४०७७ | २७२३७३ | १६.५७ |
| **जम्मा** | **१६३२४८९७** | **१०४१७६१** | **७८४३४५** | **१६५८२३१३** | **४४४१६३३** | **१२१४०६८०** | **२६.७९** |

उप-सचिव